**<u>प्रस्तावहरुः</u>**

२०७८।०७९-०९।०१ गाउँपालिका स्थापना दिवश मनाउने सम्बन्धमा ।
२०७८।०७९-०९।०२ घरनक्सा पास मापदण्ड परिमार्जन सम्बन्धमा। ।
२०७८।०७९-०९।०३ कार्यविधिहरु तर्जुमाको लागी स्विकृति सम्बन्धमा ।
२०७८।०७९-०९।०४ मनसुनजन्य विपदबाट प्रभावितहरुको लागी रकम साझेदारी सम्बन्धमा ।
२०७८।०७९-०९।०५ गरिव घर पहिचान कार्यक्रम सञ्चालन सम्बन्धमा ।
२०७८।०७९-०९।०६ प्लाष्टिक टनेल, ग्याविन जाली वितरण सम्बन्धमा ।
२०७८।०७९-०९।०७ सडक स्तरोन्नती गर्ने बजेट व्यवस्थापन सम्बन्धमा
भिरचोक हात्तिमैता सडक स्तरोन्नती सम्बन्धमा ।
सग्रबास रामकोट सडक स्तरोन्नती सम्बन्धमा ।
२०७८।०७९-०९।०८ नदिजन्य पदार्थ उत्खनन सम्बन्धमा।
२०७८।०७९-०९।०९ बिबिध सम्बन्धमा।
लेन्थम्यान व्यवस्थापन सहित विविध ।

**<u>निर्णयहरुः</u>**

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-०९।०१</u>**

प्रस्ताव नं २०७८।०७९-०९।०१ माथि छलफल गर्दा कार्यपालिकाको निर्णय नं २०७८।०७९-०८।०१ मा सशोधन गरी रूपा गाउँपालिका कास्कीको स्थापना दिवस २०७८ फाल्गुण २३ गतेदेखी २७ गतेसम्म निम्नानुसारका गतिविधिहरु सहित समावेश गरी भब्य रुपमा मनाउने निर्णय गरियोः

निम्नः

(क)रूपा रत्न सम्मान २०७८ द्धारा रूपा गाउँपालिकाभित्र जन्म भइ विद्यावारिधि गरेका तथा चिकित्सासास्त्रतर्फ Doctor of Medicine MD एम डि उपाधि प्राप्त गरेका र नेपालभित्रका विश्वविद्यालयमा अध्ययन गरी स्वर्ण पदक प्राप्त गरेका व्यक्तिहरुलाइ (नेपालभित्र स्थाइ बसोबास गर्ने मात्र) ताम्रपत्र, दोशल्ला वाट सम्मान गर्ने।( विद्यावारिधि वा एम डी गरेको तथागोल्डमेडल प्राप्त गरेको प्रमाणपत्र प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि सहित वडाको सिफारिसका आधारमा)

(ख)संस्कृतिविद श्री जगमान गुरुङ, रूपा गउँपालिका स्थाइ निवासी पहिलो दलित महिला प्रमुख जिल्ला अधिकारी श्री सिता परियारलाइ ताम्रपत्र र दोसल्ला सहित सम्मान गर्ने ।

(ग) गाउँपालिकाको विज्ञ समूहका निम्नानुसारका पदाधिकारीहरुलाइ ताम्रपत्र र दोसल्ला सहित सम्मान गर्ने ।

निम्नः

<u>योजना तथा बजेट तर्फ</u>

अ) डा सोमलाल सुवदी रुपा २

आ) डा रामचन्द्र लामिछाने रुपा ६

इ) डा वुद्धि बहादुर थापा रूपा ४

ई) डा गणपती ओझा रूपा २

उ) श्री राधाकृष्ण लामिछाने रूपा ६

ऊ) श्री पद्मशरण रेग्मी रूपा ४

ऋ) श्री नवराज ढुङ्गाना रूपा २ सहसचिव

ऌ) श्री कृष्णचन्द्र ढुङ्गाना रूपा ५ पूर्वसचिव

<u>प्राविधिक तर्फ</u>

अ) नरेन्द्र सुवेदी रूपा ७

आ)महेन्द्र गोदार रूपा १

इ) रविचन्द्र घिमिरे रूपा ५

ई) झलकमोहन ओझा रूपा २

(घ) स्थानीय तह स्थापना दिवसको अबसरमा मिति २०७८।११।२३ गतेदेखी फाल्गुण २७ गतेसम्म अन्तरस्थानीय तह वडास्तरीय पुरुष भलिवल प्रतियोगित संचालन हुने गरी अध्यक्षकप भलिबल प्रतियोगिता २०७८ सञ्चालन गर्ने गाउँपालिका भित्रका ७ वटा भलिवल टिमलाइ एक एक सेट जर्सी (टिसर्ट र हाप पाइन्ट) सहित खाना खाजा बापत एकमुष्ट ५१०० एकाउन्न सय मात्र व्यवस्था गाउँपालिकाले व्यवस्था गर्ने ।

(ङ) गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुमा लोप हुन लागेका जातजातिहरुको संस्कृति परम्परालाई जगेर्ना र संरक्षण गर्ने उद्धेश्यले रुपा गाउपालिका भित्रका विभिन्न टोलटोल बाट सहभागी हुने गरी टोलस्तरिय झाँकी प्रदर्शन प्रतियोगिताको आयोजना गर्ने ।

(च) रूपा गाउँपालिका कास्कीको प्रथम आवधिक योजनाको विमोचन गर्ने ।

(छ) रूपा गाउँपालिका कास्कीको गित अडियो सहितको भिडियो विमोचन गर्ने ।

(ज) गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुमा लोप हुन लागेका जातजातिहरुको संस्कृति परम्परलाई जगेर्ना र संरक्षण गर्ने उद्देश्यका साथ हरेक वडा बाट क्रमशः

वडा नं १ बाट बोटे जाती सहित गरी ५ समूह,

वडा नं २ बाट दलितहरुको सहित गरी ६ समूह,

वडा नं ३ बाट कुमालहरुको सहित गरी ५ समूह,

वडा नं ४ बाट ठकुरीहरुको सहित गरी ४ समूह,

वडा नं ५ बाट गुरुङ र नेवारहरु सहित गरी ६ समूह,

वडा नं ६ बाट मुस्लिमहरु सहित गरी ८ समूह,

रुपा गाउँपालिका कास्की

वडा नं ७ बाट नेवारहरु सहित गरी ६ समूह, बृहत रुपा गाउँपालिकास्तरिय झाँकी प्रदर्शन प्रतियोगिता संचालन हुनेछ ।प्रतियोगिताका विजेता तथा उपबिजेताहरुलाई कार्यक्रमको समापनको दिन पुरस्कार वितरण गरिने छ ।

(झ) मौलिक कला र संस्कृतिलाई प्रोत्साहन गर्ने उद्येश्यले स्थानीय स्तरमै उत्पादन हुने विभिन्न प्रजातिका फुल तथा दुबोको माला प्रतियोगितासमेत आयोजना गर्ने ।

(ञ) कार्यक्रमको समापन मिति २०७८ फाल्गुण २७ गते संघीय संसद्, गण्डकी प्रदेशका संसद् लगायतका विशिष्ठ व्यक्तिहरुको विशेष आतिथ्यतामा भव्यताका साथ सम्पन्न गर्ने ।

(ट) पुरस्कार तर्फ तोकिएको रकम वितरण गर्दा एक भन्दा वढी सहभागी टिम विजेता घोषित भएमा निर्धारित रकमबाटै दामासाहिले वाँडफाँड गरिनेछ ।

(ठ) पाँच दिनसम्म चल्ने कार्यक्रमलाई भब्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि तपसिल बमोजिमका विभिन्न समिति तथा उपसमितिहरु रहनेः

तपसिलः

१) मूल समितिः—

| | |
|---|---|
| लालसुब्बा गुरुङ्ग | संयोजक |
| कार्यपालिका सदस्य सवै | सदस्य |
| असोक परियार | सदस्य सचिव |

२) भलिवल खेलकुद संचालन समितिः—

| | |
|---|---|
| दिपक कुमार आले | संयोजक |
| मोती कुमार श्रेष्ठ | सदस्य |
| रविन्द्र बंशी | सदस्य |
| राम बहादुर गोदार | सदस्य |
| मेलीना नेपाली | सदस्य |
| असोक परियार | सदस्य सचिव |

३) झाँकी परिचालन तथा यातायात व्यबस्थापन

| | |
|---|---|
| नारायण गुरुङ | संयोजक |
| सखुर दिन मिया | सदस्य |
| राधा बसौला | सदस्य |
| विजय राना | सदस्य |
| वृहस्पति अधिकारी | सदस्य सचिव |

४) मञ्च व्यबस्थापन

रुपा गाउँपालिका कास्की

| | |
|---|---|
| दया सागर सुवेदी | संयोजक |
| क्या. हर्क ब. गुरुङ्ग | सदस्य |
| सपना सुवेदी | सदस्य |
| राजु पौडेल | सदस्य सचिव |

५) अतिथि सत्कार तथा स्वागत

| | |
|---|---|
| हिता रुपाखेती | संयोजक |
| बुद्धिमाया गुरुङ | सदस्य |
| मधुमाया शाहि | सदस्य |
| राधा बसौला | सदस्य |
| संगिता गौतम | सदस्य सचिव |

६) माला प्रतियोगिता व्यबस्थापन एबंम् परिचालनः—

| | |
|---|---|
| सरिता सुनार | संयोजक |
| मेलिना नेपाली | सदस्य |
| सपना सुवेदी | सदस्य |
| सरस्वती श्रेष्ठ | सदस्य |
| कृष्ण शर्मा पौडेल | सदस्य सचिव |

७) खाजा व्यबस्थापनः—

| | |
|---|---|
| रामजी अधिकारी | संयोजक |
| दामोदर घिमिरे | सदस्य |
| सरस्वती श्रेष्ठ | सदस्य |
| अरुणा वि क | सदस्य |
| सुजन तिवारी | सदस्य सचिव |

८) स्वयंम् सेवक परिचालन

| | |
|---|---|
| मुकुन्द बहादुर बंशी | संयोजक |
| राजन खनाल | सदस्य |
| नन्दलाल ओझा | सदस्य |
| बद्रिनाथ ओझा | सदस्य |
| संजय दत्त ढकाल | सदस्य सचिव |

**९) ताम्रपत्र व्यवस्थापन**

| | |
|---|---|
| टेक बहादुर गुरुङ | संयोजक |



रुपा गाउँपालिका कास्की

| | |
|---|---|
| मोहन सापकोटा | सदस्य |
| हेमराज शाही | सदस्य सचिव |

**पुरस्कारका विवरणहरुः**

भलिबल तर्फः

१) प्रथम पुरस्कारः— रु. १,२०,०००।— ट्रफि मेडल र प्रमाणपत्र

२) द्धितिय पुरस्कारः— रु. ९०,०००।— ट्रफि मेडल र प्रमाणपत्र

३) तृतिय पुरस्कारः— रु. ६०,०००।— ट्रफि मेडल र प्रमाणपत्र

४) सान्त्वना पुरस्कारः— रु. ३०,०००।— ट्रफि मेडल र प्रमाणपत्र

उत्कृष्ट खेल प्रदर्शन अन्तर्गत

१) बेस्ट स्पाइकरः— रु. ३०००।—

२) बेस्ट सर्भरः— रु.३०००।—

३) बेस्ट ब्लकरः— रु. ३०००।—

४) बेस्ट सेटरः— रु. ३०००।—

५) बेस्ट लिब्रोः— रु. ३०००।—

६) बेस्ट प्लेयरः— रु. ५०००।—

७) अनुशाशित टिमः— मायाको चिनो

नियमहरुः—

१) टिम दर्ता मिति २०७८।११।१५ देखि ११।२२ गते सम्म गरिसक्नु पर्नेछ ।

२) आयोजकले तोकेको समयमा खेलाडीहरु उपस्थित भै सक्नुपर्नेछ । अन्यथा विपक्षी टिमलाई स्वतः विजयी घोषणा गरिनेछ ।

३) खेलाडीहरुले खेलाडी दर्ता फारममा फोटो टाँस गरि सम्बन्धीत वडा कार्यालयले प्रमाणित गरेको फारम र खेलाडीको सक्कल नागरीकता सहित प्रतिलिपि बुझाउनु पर्नेछ ।

४) खेल तथा नेपाल एफ आई भि.बि तथा भलिबल संघको नियमानुसार खेलाईने छ।

५) खेल नक आउटका आधारमा खेलाइने छ ।

६) खेलमा उजुरी (पोटास) दिनुपरेमा रु. ५०००।— शुल्क लाग्नेछ ।

७) खेलाडी संख्या १२ टिम मेनेजर १,टिम कोच १ सहित जम्मा १४ जना सम्म हुनेछ ।

८) खेलमा कुनै विवाद आएमा आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

झाँकी तर्फः—

१) प्रथम पुरस्कारः— रु. ४०,०००।—

२) दितिय पुरस्कारः— रु. ३०,०००।—

३) तृतिय पुरस्कारः— रू २०,०००।—



रुपा गाउँपालिका कास्की

नियमहरुः—
१) प्रत्येक झाँकी समुहमा कम्तिमा ३५ जना सदस्यहरु हुनुपर्नेछ । सदस्य संख्या पुरा भई समाबेश भएमा सबै समुहलाई रु. ९०००।— यातायात बापतको र रु २००० खाना खाजा खर्च एकमुष्ट रुपमा उपलब्ध गराइने छ ।
२) प्रत्येक समुहमा ३५ जना मध्येमा कम्तीमा ५ जना ३० वर्ष भन्दा कम उमेरको हुनुपर्नेछ।

माला प्रतियोगिताः—

१) प्रथम पुरस्कारः— रु.६६६७।—
२) द्धितिय पुरस्कारः— रु ४,०००।—
३) तृतिय पुरस्कारः— रु.२,६६७।—

नियमहरुः—
१) झाँकी प्रदर्शन प्रतियोगितामा भाग लिने आउने समूहहरुबाट एउटा समूहले बढिमा १० वटा माला प्रतियोगितामा समाबेश गर्नुपर्नेछ ।
२) प्रतियोगितामा समाबेश हुने मालामा स्थानीय सामाग्रहरुको प्रयोग गर्नुपर्नेछ जसमा बाह्य बस्तुहरु जस्तै जरि, फुल लगायतका अन्य कुनै पनि बस्तुहरु प्रयोग गर्न पाइने छैन ।
नोटः— पुरस्कार स्वरुप प्रदान गरिने रकममा नियमानुसार करकट्टि (आकस्मिक लाभकर २५%, भाडाकर १०%) गरिनेछ ।

<u>**कार्यपालिका निर्णय नं २०७८।०७९-०९।०२**</u>

प्रस्ताव नं २०७८।०७९-०९।०२ माथि छलफल गर्दा गाउँपालिकाभित्रको घरनक्सा पासको लागी कार्यपालिकाको निर्णय नं २०७८।०७९-०८।०७ अनुसारको कार्यसम्पन्न भएपश्चात पेश गर्ने ।

<u>**कार्यपालिका निर्णय नं २०७८।०७९-०९।०३**</u>

प्रस्ताव नं २०७८।०७९-०९।०३ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्कीको खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि २०७८ र रूपा गाउँपालिका कास्कीको युवा परिषद् गठन तथा सञ्चालन कार्यविधि २०७८ तर्जुमाको लागी सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो ।

<u>**कार्यपालिका निर्णय नं २०७८।०७९-०९।०४**</u>

प्रस्ताव नं २०७८।०७९-०९।०४ माथि छलफल गर्दा रूपा गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिबाट स्विकृत

रुपा गाउँपालिका कास्की

मनसुनजन्य विपद् वाट प्रभावित व्यक्तिहरुको आवास पुनर्निर्माणको लागी गाउँपालिकाको तर्फबाट साझेदारी गर्नुपर्ने दश (१०) प्रतिशत बराबरको रकम विपद् व्यवस्थापन कोषबाट खर्च लेख्नेगरी स्विकृत गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-०९।०५</u>**

प्रस्ताव नं २०७८।०७९-०९।०५ माथि छलफल गर्दा नेपाल सरकारबाट स्विकृत गरिब घर पहिचान कार्यक्रमको बारेमा छलफल गरि गाउँपालिकामा सो कार्यक्रम सुरु गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-०९।०६</u>**

प्रस्ताव नं २०७८।०७९-०९।०६ माथि छलफल गर्दा गाउँपालिकाबाट अनुदानमा वितरण हुने टनेल प्लाष्टिक वितरणको लागी टनेल निर्माण भएको फ्रेमको फोटोसहितको वडा कार्यालयहरुबाट सिफारिसको आधारमा सम्बन्धित वडा कार्यालयहरुबाटै वितरण गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-०९।०७</u>**

प्रस्ताव नं २०७८।०७९-०९।०७ माथि छलफल गर्दा भिरचोक हात्तिमैता सडक स्तरोन्नती गर्ने योजना र सग्रबास रामकोट सडक स्तरोन्नती गर्ने योजना उपभोक्ता समितिबाट कार्य गराउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-०९।०८</u>**

प्रस्ताव नं २०७८।०७९-०९।०८ माथि छलफल गर्दा नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरणको लागी सूचना प्रकाशन भएकोमा गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भएको शिलबन्दी मूल्याङ्कन प्रतिवेदनका आधारमा विक्रि वितरण गर्ने गराउने तथा सम्बन्धित वडा कार्यालयहरुले सोको नियमित अनुगमन गर्ने गराउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-०९।०९</u>**

प्रस्ताव नं २०७८।०७९-०९।०९ माथि छलफल गर्दा गाउँपालिकाभित्रका थुम्की रूपाकोट सहितका विभिन्न सडकहरुको नियमित मर्मत सम्भारको लागी नेपाल सरकारबाट स्विकृत मापदण्डको आधारमा रहेर लेन्थम्यान नियुक्त गर्ने निर्णय सहित आजको बैठक समापन गर्ने निर्णय गरियो ।

रुपा गाउँपालिका कास्की

मिति २०७८ साल फाल्गुण ११ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका कास्की